सम्पादकीय

सांसदको दशैं भत्ता

सांसदहरुको आलोचित दशैं भत्ता यसपटक कोरोना उपचार कोषमा जम्मा हुने भएको छ । बितावता दशैंमा उनीहरुले भत्ता लिने गरेका थिए जसको जनस्तरबाट चर्को आलोचना भएको थियो । जनप्रतिनिधि बनेर जनताले नै जम्मा गरेको राजस्वबाट दशैं भत्ता लिनुलाई राम्रो मानिएको थिएन । त्यसैले पनि होला यस पटकको दशैंमा भत्ता बापत पाउने रकम कोरोना उपचार कोषमा जम्मा गर्ने निर्णय गरियो । यस वर्षको दशैं भत्ता पनि संसद सचिवालयले सांसदहरुको खातामा र ‍ितिदिइसकेको थियो । शुरुमा केही सांसदहरुले यो वर्ष दशैं भत्ता नलिने भनेर आवाज उठाएपछि यस विषयमा प्रधानमन्त्रीसहित नेकपाका सचेतकहरुसँगको सोमबारको छलफलले भत्तको रकम उपचार कोषमा हाल्ने निर्णय गरेको हो । नेकपाको प्रतिनिधिसभामा १७४ जना र राष्ट्रिय सभामा ४६ सांसद गरी कुल २२० जना सांसद छन् । त्यसै, प्रतिपक्ष दलले पनि सांसदले पाउने दशैं भत्तावापतको रकम कोरोना उपचार कोषमा जम्मा गर्ने निर्णय गरेका छन् । प्रदेश सांसदहरुले समेत त्यसको अनुशरण गर्ने अपेक्षा संघीय सरकारले गरेको समाचारमा बताइएको छ ।

कोरोनाले विश्वकै अर्थतन्त्रलाई यतिबेला हायल कायल पारेको अवस्था छ । नेपाल त्यसबाट अछुतो हुने कुरा भएन । मानिसका दैनिकीहरु फेरिएका छन् । दशैंको आगमन हुँदा मुलुकमा जुन चहल पहल हुन्थ्यो त्यो लाभग सुन्य छ । दशैंको लागि ठाउँ ठाउँमा सस्तो व्यापार मेला लाग्थ्यो त्यो लाग्न सकेन । किनमेलमा निकै कमी आएको छ । यातायातका साधनहरुमा मानिसको आवागमन छैन । होटेल, रिसोर्टहरु बतिबेला भरिभराउ हुन्थे । पार्टी प्यालेसमा पाइला टेक्ने ठाउँ हुन्थेन । कार्यक्रमहरु भरिभराउ हुन्थे । शुभकामना आदान प्रदान हुन्थे । विया पार्टी दिने हरूका परमा मानिसको भिड लाग्थ्यो । यी सबै सुन्यप्रायः हुन पुगेका छन् । खसी, बोका, भैंडा च्याङ्गाहरु विभिन्न बजारमा बेच्न राखिन्थ्यो । बाटो र चौराहमा भिड लाग्थ्यो । यसपटक त्यो देख्न पाइएको छैन । यसरी हेर्दा आर्थिक कारोबार ठप्प नै भएको छ । क्रय शक्ति घटेर पनि हो ता मानिसले यतिबेला मांसाहारी होइन, साकाहारी दशैं मनाउनतिर लागेको पाइन्छ । कोरोनाको संक्रमणमा कमी आएप भने तिहार पनि यहि अवस्थामा मनाउनु पर्ने निश्चित छ । यसरी घरे ने पालीले रोजगारी गुमाएर वस्तु परेको अवस्थामा केही सीमित र त्यो पनि जनताका जनप्रतिनिधिले तलब त लिएकै छन् दशैं भत्ता वापत पाउने एक महिना बराबरको भत्ता नलिनु खासै आश्चर्यको विषय त होइन, तर, सानो भए पनि सकारात्मक कुरा निश्चितै हो ।

कतिपय नकारात्मक कुराले पनि सकारात्मक सन्देश दिएको हुन्छ । कोरोनाको भयले मानिसहरुबीच दुरी कायम गर्ने अभ्यास भएको छ । कुनै कार्यक्रम गर्नुपर्दा जथाभावी मिन्ना गने र मिन्ना पाएपछि दौड़ैमा भान जाने चलन अहिले रोकिएको छ । होटेलमा खाना खाने र परमा पकाएको खाद्यवस्तुलाई हेला गर्ने चलन खासगरी युवा पुस्तामा ब्याप्त थियो । अहिले घरकै खाना खानुपर्छ, अर्गानिक खाद्य वस्तुमा जोड गर्नुपर्छ भन्ने भाव पलाएको देखिन्छ । स्कूले विद्यार्थीहरु भिडभाडकासाथ खेलकुद गर्ने, प्रतियोगिता गर्ने काम रोकिएको छ । खेल क्षेत्रलाई यसले निश्चितै असर पारेको मान्नुपर्छ । तथापि पहिलो प्राथमिकता आफूलाई सुरक्षित र स्वस्थ राख्नु हो । हुलमुलमा जिउ जोगाउनु, अनिकालमा बिउ जोगाउनु भन्ने उद्धान बतिबेला चरितार्थ भएको छ । एक वर्ष मेला पर्वहरु नमनाएर खासै फरक पर्दैन । किनभने यी बर्षेनी दोहोरिन्छन् । तर, कहिले पनि मनाउनै नपाउने गरी संक्रामक रोगको शिकार हुनुपर्दा भने त्योभन्दा अप्रिय कुरा के होला र ? त्यसैले पहिलो प्राथमिकता स्वास्थ्यलाई नै दिनु आजको आवश्यकता हो ।

अंग्रेजी माध्यमको लहर र समस्या

सन्तोष पौडेल

आजभोलि हाम्रो देशका विद्यालयहरुमा अंग्रेजी माध्यमको लहर चलेको छ । निजी विद्यालयले शुरुवाती दिनदेखि नै विद्यार्थीलाई अंग्रेजी माध्यमबाट अध्यापन गराउँदै आएका छन् । अभिभावकहरुको पहिलो रोजाइ अंग्रेजी माध्यमबाट पढाइ हुने निजी विद्यालय हुँदा सरकारी विद्यालयमा क्रमशः विद्यार्थीको संख्या घट्दै गएको देखियो । यसरी निजी विद्यालयमा विद्यार्थी ठेलमठेल भए भने सामुदायिक विद्यालयमा न्यून विद्यार्थी संख्याकाकारण सामुदायिक विद्यालयप्रतिको आकर्षण घट्दै गयो । अनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा पनि प्रश्नचिह्न खडा भयो । यस्तो अवस्थामा सामुदायिक विद्यालयले अब निजी विद्यालयसंग प्रतिस्पर्धा गर्नुपर्ने बोधगरी विस्तारै नेपाली माध्यमबाट अंग्रेजी माध्यमतर्फ आकर्षित भई तदनुसार व्यवहार गरेको पाइन्छ ।

सदरमुकाम तथा सहरकेन्द्रित केही सामुदायिक विद्यालयले निजी विद्यालयको सिको गर्दै अंग्रेजी माध्यमका कक्षा संचालन गरेर सामुदायिक विद्यालयमा नयाँ प्रयोगको थालनी गरे । यो प्रयोगबाट केही विद्यालय राम्रै को संख्यामा विद्यार्थी संकलन गर्न सफल पनि भए । अंग्रेजी माध्यमको लहर देशैभर चल्यो । सरकारी निकाय पनि खुस्ती नै देखिए । अहिले धुप्रै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ भइहेको अवस्था छ । यहाँ शैक्षिक गुणस्तरको मुख्यकारण अंग्रेजी माध्यम हो भन्ने बुझिएको देखिन्छ । तर, अंग्रेजी माध्यमले विद्यार्थीको सिकाइस्तर र मौलिक उत्तर दिने क्षमतामा कस्तो असर पारिरहेको छ भन्ने कुरातर्फ कसैको पनि ध्यान गएको पाइँदैन । यो समस्या निजी विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा बढी देखिएको छ । हामी नेपाली हौं, हाम्रो मातृभाषा नेपाली हो त्यसैले जुन पाठ्यवस्तु हामीले नेपालीमा सजिले बुझ्न सक्छौं ती कुरा हामीलाई अंग्रेजीमा बुझ्न अप्ठेरो हुन्छ भन्नेतिर पनि हाम्रो ध्यानजानु जरुरि छ । सामुदायिक विद्यालयले अंग्रेजी माध्यमका कक्षा संचालन गर्न थालेपछि विद्यार्थीले नेपाली विषयबाहेक सबै विषय अंग्रेजीमा पढ्नुपने अवस्था आएको छ । अंग्रेजी माध्यमका सामुदायिक विद्यालयमा पढ्ने र पढाउने माध्यम अंग्रेजी भएपनि विद्यालयका अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू भने नेपाली माध्यममा नै आयोजना गरिन्छ । परीक्षामा प्रश्न अंग्रेजीमा सोधिन्छ । विद्यार्थीलाई नेपालीमा बुझ्दईनुपर्छ । विद्यार्थीले विद्यालय क्षेत्र भित्र र कक्षाकोठामा अंग्रेजीमै कुराकानी गर्नुपर्ने हुन्छ । अंग्रेजीमा बोल्नुपर्ने हुँदा विद्यार्थी अप्ठेरो महसुस गरी कक्षाकोठामा शिक्षकसँग खासै अनतरक्रिया गर्दैनन् । अहिलेको विषम परिस्थितिलाई ध्यानमा राख्दै सरकारले गरिएका अनलाइन कक्षामा अंग्रेजी माध्यमको वास्तविकता प्रष्ट देखिन्छ । सामान्य बुझाइ के हो भने पढाइ लेखाइ त्यतिबेला प्रभावकारी हुन्छ जब कक्षामा शिक्षक विद्यार्थीबिच अन्तर क्रिया हुन्छ । तर, अंग्रेजी माध्यमकाकारण अन्तरक्रिया शुन्यप्रायः देखिन्छ । यो अवस्थामा विद्यार्थीको सिकाइस्तर कसरी बढ्ने ? शैक्षिक गुणस्तर कसरी बढ्ने ? दक्ष जनशक्ति कसरी उत्पादन गर्ने ? प्रश्न गम्भीर छ ।

अहिले सामुदायिक विद्यालय अंग्रेजी माध्यमलाई आफ्नो गुमेको साख जोगाउने अस्त्र ठान्छन् । अभिभावकहरु अंग्रेजी माध्यमा पढाइ हुने भनेपछि पढाइ लेखाइ गुणस्तरीय छ भन्ने ठान्छन् । बच्चालाई अंग्रेजी माध्यमबट पढाउने स्कुलमा पठाएपछि फाट्टफुट्ट अंग्रेजी बोल्न जान्थो भने दंग पर्छन् । के पढ्यो ? के जान्यो ? के सिक्यो ? त्यसको प्रवाह गर्दैनन् । अहिले नेपालको सन्दर्भमा कसैले भाषा दूलो कुरा होइन मुख्य कुरा विद्यार्थीले पढेको कुरा बुझ्नुपर्दछ, सिक्नु पर्दछ, बुझ्न र सिक्नकालागि अंग्रेजी नै चाहिँदैन भनेर भन्यो भने ऊ हाँसोको पात्र बन्न सक्छ किनकि अंग्रेजी माध्यमको लहर निजीदेखि सामुदायिक विद्यालयसम्म फैलिएको छ । अंग्रेजी माध्यमको लहर चलेपछि सबैभन्दा दूलो मर्का सामुदायिक विद्यालयका स्थायी शिक्षकलाई परेको छ जसले वर्षौंदेखि नेपाली माध्यममा अध्यापन गराउँदै आएका थिए । उनीहरु आफ्नो विषयमा विज्ञ छन् तर अंग्रेजीमा हैनन् जसले गर्दा अंग्रेजी माध्यमका धेरै सामुदायिक स्कुलमा अंग्रेजीमा छापिएका पाठ्यपुस्तक नेपाली माध्यममा पढाइन्छ । हाल नेपालमा चलेको अंग्रेजी माध्यमको वास्तविकता यहि नै हो भन्दा फरक नपर्ला ।

खासगरी सहरीक्षेत्रका विद्यालयहरु अध्ययन अध्यापन अंग्रेजी माध्यमा गराउनुपर्ने आध्यात्मक परिस्थितिमा छन् । यदि अंग्रेजी माध्यम भएन भने अध्यापन गराउन विद्यार्थी नै नहुने देख्छन् उनीहरु । त्यसैले अंग्रेजी माध्यममा पढाइ हुने सामुदायिक विद्यालयको संख्या बढिराहेको छ । वर्तमान परिप्रेक्षमा कुनै पनि सामुदायिक विद्यालय नेपाली माध्यममा पढाएपै गुणस्तरीय शिक्षा दिन्छौं भनि अगाडि सरेको उदाहरण भेटिँदैन । वास्तवमा अंग्रेजी पढाउने हो, नेपालको सन्दर्भमा यथार्थ के हो भने अंग्रेजी माध्यमकाकारणले एकातिर शिक्षकले जानेको सबै कुरा बताउन नसकिरहेको स्थिति छ भने अर्कोतिर विद्यार्थीले पनि जानेको, मनमा लागेको तर्कहरु काषीमा उतार्न नसकेको कैयन उदाहरणहरु भेटिन्छन् । स्मरणर होस नेपालमा एक समयमा केहि निजी विद्यालयमासमेत माध्यमिकतहको सामाजिक शिक्षा विद्यार्थीले अंग्रेजीमा बुझ्न र लेख्न सकेनन् भनि ने पालीमा पढाइयो, तर परीक्षामा नेपाली माध्यममा उत्तर लेख्दा अपेक्षाकृत राम्रो अंक आएप भन्दै पुनः अंग्रेजी माध्यममै अध्यापन गराइयो । यसको कारण के हो भने हामीकहाँ अंग्रेजी माध्यममा लेखेको उत्तरलाई नेपाली माध्यममा लेखेको उत्तरभन्दा माथिल्लो दर्जामा राखी मुल्यांकन गर्ने प्रवृत्ति छ । यो गलत हो । सायद यहि प्रवृत्तिकाकारण विद्यार्थी सकि नसकि अंग्रेजी माध्यममा लेखेको उत्तरभन्दा माथिल्लो दर्जामा राखी मुल्यांकन गर्ने प्रवृत्ति छ । यो गलत हो । सायद यहि प्रवृत्तिकाकारण विद्यार्थी सकि नसकि अंग्रेजी माध्यममा लेख्न बाध्य छन् । अंग्रेजीकोकारण विद्यार्थीले जानेको कुरा पनि अभिव्यक्त गर्न नसकेको अवस्था छ । अंग्रेजी माध्यमको बाध्यतले गर्दा विद्यार्थीको सृजनात्मक अभिव्यक्ति दिने क्षमता पनि ह्रास भइरहेको छ । थोकैको कुरा लेख्न मिल्ने गरी परीक्षामा प्रश्न आयो भने त विद्यार्थीले केही लेख्ला, अन्यथा प्रश्न सारेर छाडिदिने अवस्था छ । यसले पुनः थो कन्ने विद्या (रोट लार्निङ)लाई नै बढावा दिएको देखिन्छ ।

वास्तवमा अंग्रेजी फरर बोल्नकालागि, लेख्नकालागि प्रशस्त अभ्यास चाहिन्छ । सबै विषयहरु अंग्रेजी माध्यममा पढाएर वा पढेर मात्र हुँदैन । विद्यार्थीलाई स्कुल समयमा सकी नसकि अंग्रेजी बोल भनेर दबाव दिएमात्र हुँदैन । यथार्थमा भन्नुपर्दा जतिबेला पनि अंग्रेजीमा बोल्न भन्ने, अंग्रेजीमा लैखिएको पाठ्यपुसक शिक्षकले नेपालीमा अनुवाद गर्दै पढाउने, परीक्षामा प्रश्न अंग्रेजीमा सोध्ने तर विद्यार्थीलाई नेपालीमा बुझइँदु पर्ने, विद्यालय परिसरमा इङ्गलिस स्पिकिंग जोन लेखि तदनुरुप व्यवहार गर्नोत विद्यार्थीको न अंग्रेजी राम्रो भएको छ न त नेपाली नै । ने पाली बाहेक अरु सबै विषय अंग्रेजीमा अध्ययन गर्नोत नेपाली एक हे यको विषय बन्न पुगेको छ । अभिकांश अंग्रेजी माध्यमका विद्यालयले माथिमक तहमा अनिवार्यरुपमा नेपाली विषयको अतिरिक्त कक्षा (को चिंग क्लास) संचालन गरेको देखिन्छ । यो पक्कै पनि राम्रो पक्ष होइन । यो सब जानेर वा नजानेर, बुझेर वा नबुझेर अंग्रेजी माध्यमप्रतिको मोह हो ।

अंग्रेजी एक अन्तर्राष्ट्रिय भाषा हो । होरक देशका मानिस अंग्रेजी सिक्न चाहन्छन् । राम्रोसंग अंग्रेजीमा कुराकानी गर्न चाहन्छन् । अंग्रेजीमा राम्रो दख्खल हाँसिल गर्न चाहन्छन् । यसमा ऐपात अछुतो रहन सक्दैन । आज विश्व परिवेसमा हेर्ने हो भने अंग्रेजी भाषा जान्नु अनिवार्य देखिन्छ । किनकि विद्यार्थी तथा आम मानिसकालागि आवश्यक पने ‍ विभिन्न पुस्तकदेखि लिएर अनुसन्धानमूलक लेख, महत्वपूर्ण सुचनाहरु आदि प्रायः अंग्रेजी भाषामै लेखेको पाइन्छ । तर, अंग्रेजी जान्नकालागि यसलाई माध्यम भाषा नै बनाउनु गलत हो । विद्यार्थीलाई अंग्रेजी बोल्न, लेख्न सक्ने गराउन अंग्रेजी विषयलाई अंग्रेजीमै पढाउनु पर्छ । नेपालीमा रुपान्तरण गरेर पढाएर अंग्रेजी सिकाउन सकिँदैन । अंग्रेजी हाम्रो राष्ट्रभाषा नभएकोले आवश्यक पन्ने भने विद्यालयले विद्यार्थीको अंग्रेजी भाषा जान्नु अनिवार्य देखिन्छ । किनकि विद्यार्थी तथा आम मानिसकालागि आवश्यक पने ‍ विभिन्न पुस्तकदेखि लिएर अनुसन्धानमूलक लेख, महत्वपूर्ण सुचनाहरु आदि प्रायः अंग्रेजी भाषामै लेखेको पाइन्छ । तर, अंग्रेजी जान्नकालागि यसलाई माध्यम भाषा नै बनाउनु गलत हो । विद्यार्थीलाई अंग्रेजी बोल्न, लेख्न सक्ने गराउन अंग्रेजी विषयलाई अंग्रेजीमै पढाउनु पर्छ । नेपालीमा रुपान्तरण गरेर पढाएर अंग्रेजी सिकाउन सकिँदैन । अंग्रेजी हाम्रो राष्ट्रभाषा नभएकोले आवश्यक पन्ने भने विद्यालयले विद्यार्थीको अंग्रेजी भाषा राम्रो बनाउन अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्दछ । जब विद्यार्थीलाई अंग्रेजीमा बोल्न र लेख्न समस्या हुँदैन, विद्यालयले आफ्नो विषय राम्रोसँग अंग्रेजीमा पढाउन सक्ने दक्ष शिक्षकको व्यवस्था गर्छ तबमात्र अंग्रेजी माध्यमले सार्थकता पाउने छ ।

■

समाचार

किसानलाई...

यस वर्षमात्रै सहकारी मार्फत खसीपाठा बजारीकरण गर्ने १ सय ४० उद्यमीलाई ५१ लाख ८० हजार रकम अनुदान स्वरुप वितरण गरिएको छ भने करिब २० लाख रकम कृषिजन्य उत्पादनमा अनुदान प्रदान गरिएको छ ।

आफूले गरेका उत्पादनमा नगरबाट पैसा पाउँदा कृषकमा खुसी छाएको छ । किसानले उत्पादन गरेका खसी पाठा जिउँदो तौलका आधारमा सहकारी मार्फत बिक्री गर्ने किसानलाई नगरपालिकाले प्रति किलो ५० रुपैयाँका दरले अनुदान वितरण गरेको छ । लोकल कुखुरा, बंगुरको पाठा र महमा प्रतिकिलो ५०, दूधमा प्रति लिटर, ५, लोकल अण्डा प्रतिगोटा २ रुपैयाँ तथा अन्य तरकारी र फलफूल लगायत धेरै उत्पादनमा नगरले अनुदान वितरण गर्दै आएको छ ।

हेफर इन्टरनेशनल नेपालको सहयोगमा पर्यावरण संरक्षण तथा सामुदायिक विकास केन्द्रको प्रवर्द्धनमा सञ्चालित सहकारी मार्फत अनुदान वितरण गरिएको हो । सहकारीले गर्दै आएको कृषिजन्य उत्पादनको बजारीकरणमा नगरपालिकाले दिँदै आएको अनुदानले आफूलाई निकै सहज भएको र सहकारीप्रतिको विश्वास बढ्दै गएको सितगंगा कृषि तथा पशु विकास महिला सहकारी अध्यक्ष विष्णु अधिकारीले बताइन । नगरले वितरण गरेको अनुदान र सहकारी संस्थाले गरेको बजारीकरणले शेयर सदस्यको उत्पादनमा वृद्धि भएको अध्यक्ष अधिकारीको भनाइ छ । भनसुन र पहुँचका आधारमा अनुदान वितरण हुने प्रचलनको अन्त्य सँगै साना उद्यमी किसानको पक्षमा नगरले ल्याएको अनुदान कार्यविधि वैज्ञानिक र न्यायोचित भएको उनले बताइन ।

नगरमा रहेका ९ वटा कृषि तथा पशु विकास महिला सहकारीले कृषि र पशुको क्षेत्रमा प्रभावकारी काम गर्दै आएकाले नगरपालिकाले थप उत्साह थप्न अनुदानको कार्यक्रम अगाडी बढाएको नगर प्रमुख सुर्य अधिकारीले बताए ।

अनुदान वितरण कार्यलाइ नगरले अभियानकै रुपमा लिएकाले किसानकै घरदैलोमा पुगेर रकम वितरणसँगै हौसला थप्दै जाँदा कृषक थप उत्साहित भई उत्पादनमा समेत वृद्धिहुने अपेक्षा रहेको उनले बताए । भौगोलिक हिसावले देशकै ठुलो नगरपालिका जहाँ आर्थिक समृद्धिको एकमात्र क्षेत्र कृषि र पशुपालन रहेको छ । यसको विकास नै नगरको मुख्य प्राथमिकता हो । गत वर्ष ३० लाख ६० हजार अनुदान रकम वितरण गरेका हौं यस वर्ष करिव ७० लाख वितरण गरेको उनले बताए । कृषकको उत्पादन वृद्धि हुनेमा हामी विस्वस्त छौं, उत्पादनवृद्धिसँगै अनुदान रकम पनि बढाउँदै लैजाने र यस क्षेत्रलाई कृषि र पशुको हब बनाउने कार्यमा नगरपालिका केन्द्रित रहेको उनले बताए ।

हेफर इन्टरनेशनल नेपालको सहयोगमा पर्यावरण संरक्षण तथा सामुदायिक विकास केन्द्रको प्रवर्द्धनमा सञ्चालित सहकारी मार्फत अनुदान वितरण गरिएको हो । सितगंगा नगरपालिकाले थालेको यो कार्यले सम्पुर्ण उद्यमी किसानमा उत्साह बढेको छ ।

कोरोनाको...

हाल आइसोलेसनको क्षमता ४० बेड रहेकोमा बेडको संख्या पनि बढाउने निर्णय सिसिएमसी बैठकले गरेको कार्यवाहक नगर प्रमुख चौधरीले जानकारी दिइन् ।

हाल तिलोतमाको आइसोलेसनमा अन्य पालिकाबाट जाँच भइ आएका २२ जना संक्रमति छन् । बैठकले संक्रमितहरुलाई स्वास्थ्य लाभको कामना गर्दै घर-घरमा आयुर्वेदिक जडिबुटी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिने निर्णय समेत गरेको छ । बैठकमा प्रमुख प्रशासकीय अधिकृत माधव प्रसाद शर्माले कोरोना महामारी सुरु भएपछि संघीय सरकारबाट संक्रमण रोकथाम, उपचार तथा राहतको लागि २ लाख ५० हजार र प्रदेश सरकारबाट १५ लाख रुपैयाँ नगरपालिकाको खातामा आएको जानकारी दिए ।

बैठकले दसैं-तिहार पर्वमा बाहिरी जिल्ला तथा भारत एवं तेस्रो मुलुकबाट नगरपालिकामा आउने नगरवासीलाई स्वास्थ्य प्रोटोकललाई ख्याल राख्दै सिधै समाजमा घुलमिल नहुन आग्रह गरेको छ । साथै बैठकले कोरोना संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना सहित मृत्यु भएकाको चीर शान्ति एवं शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको गरेको छ । ■

होम आइसोलेसनमा मृत्यु

चुमा आचार्य
लमही, ४ कार्तिक ।

दाङको देउखुरीमा कोरोनाका कारण एक पुरुषको होम आइसोलेसनमा मृत्यु भए लगतै मृतकको लाश व्यवस्थापनमा परिवार र छिमेकी बीचको विवादका कारण मृत्यु भएको १० घण्टा पछि मात्र व्यवस्थापन गरिएको छ ।

होम आइसोलेसनमा मृत्यु भएका पुरुषलाई परिवारले जलाउन पाउने माग राख्दै पण्ठी सम्म अवरुद्ध गरेका थिए भने छिमेकीहरुले लास गाड्न माग राख्दै आएका थिए । विवाद विवादमै शव जलाउन घाटमा चितामा ठाउरा समेत तयार पारेको वेला स्थानीयबासीको विरोध र जनप्रतिनिधिहरुको आग्रहमा परिवार शव गाड्न सहमतिमा आएका हुन । मंगलवार विहान ७ बजे मृत्यु भएको ति पुरुषको शव वेलुका ४ बजे व्यवस्थापन गरिएको लमही नगर पालिकाका वडा नम्बर ५ का अध्यक्ष विम वहादुर केसीले बताए । लामो समयको विवाद पछि लमही नगर पालिका जनप्रतिनिधिहरु प्रहरी प्रसासनको रोहवमा नेपाली सेनाले शव व्यवस्थापन गरेको पनि वडा अध्यक्ष केसीले बताए । लमही नगरपालिका ५ लमहीका ४३ वर्षिय पुरुषको होम आइसोलेसनमा मृत्यु भएको लमही नगर पालिका स्वास्थ्य शाखा प्रमुख लाकर ज पौडेलले जानाकारी दिएका छन् ।

मृतक ती पुरुष लामो समयदेखि जण्डिसका बिरामी थिए । एक हप्ता अगाडि उपचारका लागि काठमाडौं लगिएको आफन्तजनले बताएका छन् । काठमाण्डौबाट फर्किए लगतै कोरानो के कर्जोन गर्दा पोजेटिभ देखिए पछि मृतक र मृतककी श्रीमती होमआइसोलेसनमा बस्दै आएका थिए ।

एनसेलद्वारा गो सिम

काठमाडौं, ४ कार्तिक । एनसेल आजियाटा लिमिटेडले महिलाहरुका लागि 'अघि बढौं' भन्ने थिममा आकर्षक सुविधाहरुका साथ 'गो सिम' ल्याएको छ ।

आकर्षक बन्डल सेवाहरु, होरक रिचार्जमा बोनस, आपलकालिन अवस्थाका बेला पछि शुल्क तिर्ने गरी टक टाइम र एसएमएस सेवा लिन पाइने, निश्चित नम्बरहरुमा नि:शुल्क कल सेवा लगायत धुप्रै सुविधाहरु भएको यो सिम महिलाहरुका लागि मात्र ल्याइएको हो ।

यो सिम ग्राहकले आज (कार्तिक ०१) देखि नजिकैको एनसेल सेन्टरहरु वा देशभरी रहेका एनसेलका आधिकारिक खुद्रा बिक्रेताहरुबाट सजिलै मात्र रु. १९ मा खरिद गर्न सक्नेछन् । गो सिमको खरिदसँगै ग्राहकले रु. २० मेन ब्यालेन्स, सात दिनको समयसीमा रहेको २०० एमबी डेटा, २० मिनेट अन नेट टक टाइम र २० ओटा एसएमएस प्राप्त गर्दछन् ।

यसका साथै ग्राहकले गो सिम मार्फत दामी म्युजीक तथा हमामा म्युजीक प्रो ३० दिनसम्मका लागि निःशुल्क सुचारु गर्न सक्छन् । ग्राहकले यो सिम सुचारु भएको अर्को दिनको मध्य रातीसम्मम गरेको पहिलो रु १०० वा सो भन्दा वढिको रिचार्जमा १०० मिनेट अन नेट टक टाइम र १०० एमबी डेटा बोनस स्वरुप प्राप्त गर्दछन् । प्राप्त बोनस सात दिनको लागि मान्य रहनेछ ।

"महिलाहरुका लागि विषेश रुपमा डिजाइन गरिएको यस प्रकारको पहिलो महिला केन्द्रित प्याक सुरु गर्न पाएकोमा हामी धेरै खुसी छौं । यसको विषेशताहरुमा बन्डल सेवा देखि लिएर आपतकालिन अवस्थाका लागि सञ्चार सेवा, सुरक्षाको लागि एसएमएस सेवा र महिलाका क्षेत्रमा काम गर्ने संस्थाहरुमा निःशुल्क कल सेवा जस्ता धुप्रै सुविधाहरु रहेका छन् । यो प्याक त्याउनुको प्रमुख कारणहरु मध्ये महिला सुरक्षा एक हो । यसले महिला वर्गलाई दुरुसन्धार सेवा सुनिश्चित गर्ने मात्र नभई यसमा उपलब्ध सेवा, सुविधा तथा सुरक्षाको हिसावले समेटिएको विषेशताले महिला सशक्तिकरणमा सहयोग पुऱ्याउने विश्वास हामीले लिएका छौं ।" एनसेल आजियाटा लिमिटेडका चिफ कर्मियल अफिसर प्रदीप श्रीवास्तवले भने ।

महिलाहरुलाई दुरसञ्चार सेवाको पहुँच सुनिश्चित गर्दै यसको लाभ प्रदान गर्न उद्देश्यअनुरुप ल्याइएको गो सिम अन्तर्गत ग्राहकले सिम खरिद गरे को दिन देखि १९ महिनासम्म होरक रिचार्जमा १० प्रतिशत बोनस प्राप्त गर्नेछन् । प्राप्त बोनस सात दिनको लागि मान्य रहनेछ र ग्राहकले यसबाट अन नेट कल गर्न, डेटा चलाउन तथा एसएमएस पठाउन प्रयोग गर्न सक्नेछन् ।

यसका साथै यो सिम लिने ग्राहकका लागि आपतकालिन सञ्चार सेवाका लागि विषेश सुविधा रहेको छ । यस अन्तर्गत ग्राहकले आफ्नो मेन ब्यालेन्स रु. ५ भन्दा कम भएको अवस्थामा लाग्ने शुल्क पछि तिर्ने गरी १० मिनेट अन नेट टक टाइम तथा १० वटा एसएमएस आपतकालिन सञ्चार सेवाका रुपमा सजिलै लिन सक्नेछन् । ग्राहकले आफ्नो सिम रि चार्ज गरेपछि यस सेवा वापतको कर सहित रु. १० मे न ब्यालेन्सबाट काटिने छ ।

Bhumikasthan Municipality
Office of Municipal Executive
Nuwakot, Arghakhanchi

Invitation for BID

Date of publication: 21-10-2020 (2077-07-05)

1. A complete set of Bidding Documents may be purchased from the office of **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi**by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax clearance cercificate and upon payment of a non-refundable fee fortender documents as mentioned in the following table.Or
Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost in the Bank:,
Name of the Bank: Century Bank, Nuwakot, Arghakhanchi
Name of Office: Bhumikasthan Municipality
Rajaswa (Internal revenue) Account no. :0900000013GE Office Account no. 0900000004GE (Dharauti)

2. Pre-bid meeting shall be held **at Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi**at **1:00 pm on 09-11-2020 (2077-07-24)**
3. Sealed or electronic bids must be submitted to the office **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi**by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected.
4. Bidders other details are as given below:

Tender No.	Name of Project	Bid Price	Estimate cost (with Vat)	Bid Security Amount In NRs	Bid security valid period	last date of Bid purchase	last date of Bid submitted	Bid Open
27/BMA/W/RM/2077/078	Pipalnetha Githakhola Chhedapokhari Partakhola Moterable Road Upgrading	NRs. 3000.00 (Not Refundable)	5,000,010.98	NRs. 1,25,000	120 days	19-11-2020 (2077 -08-04)	20-11-2020 (2077 -08-05) 12:00 noon	20-11-2020 (2077 -08-05) 1:00 PM
28/BMA/W/RM/2077/078	Bhulke Sajkautta Bhumekathan Moterable Road UPgrading	NRs. 3000.00 (Not Refundable)	5,001,414.22	NRs. 1,25,000				

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Other details are available on the E-Procurement Section of PPMO Web Sitewww.bolpatra.gov.np /egp and Bhumikasthan municipality Office web site: www. bhumikasthanmun.gov.np